निर्णयहरुः

१. मनसुनको समयमा संभावित विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न विपद्का घटनामा प्रत्यक्ष वा परोक्ष रुपमा खटिने जिल्ला स्थित सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी संघ संस्था, स्थानीय तह, राजनीतिक दलहरु, जलविद्युत आयोजनाहरु, नागरिक समाज, संचार माध्यम तथा संचारकर्मीहरुलाई समन्वयात्मक रुपमा परिचालित हुन अनुरोध गर्ने ।

२. सम्भावित विपद् जोखिम न्यूनीकरण गर्दै मानवीय, भौतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउन जिल्लाको विपद् जोखिम नक्साङ्कनको आधारमा विपद् व्यवस्थापनका लागि पूर्व तयारी (Preparedness), प्रतिकार्य(Response) तथा पुर्नलाभ(Recovery) का विभिन्न गतिविधिहरु व्यवस्थित रुपमा सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को प्रावधान अनुरुप जिल्ला स्थित विषयगत कार्यालयहरु, सुरक्षा निकाय, गैसस, नेपाल रेडक्रश सोसाईटी लगायतका संस्थाहरुको समन्वयमा तयार भएको **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(DPRP)**,२०७७ लाई अनुमोदन गरियो र सो को कार्यान्वयार्थ सरोकारवाला निकायहरु समन्वयात्मक रुपमा परिचालन हुने निर्णय गरियो ।

३. यस जिल्लामा विपद् (बाढी, पहिरो, आगलागी लगायत)को कारण भएका घटनाहरुबाट प्रभावित निम्न व्यक्ति तथा परिवारलाई जिल्ला प्रशासन कार्यालयबाट आ.व. ०७६/७७ को असार १० गतेसम्मवितरण गरिएको राहत रकम रु. ५,७४,०००/- (पाँच लाख चौहत्तर हजार मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

निम्नः

| क्र.सं. | नाम,थर | ठेगाना | प्राप्त राहत रकम | विपद्को प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | किप्पा नेकोर | नौकुण्ड-१, थाङदोर | ५०,०००।- | आगलागी | |
| २ | दावा फुर्पा थोक्रा | नौकुण्ड-१, थाङदोर | ५०,०००।- | आगलागी | |
| ३ | लक्षिण लामा | नौकुण्ड-१, थाङदोर | ५०,०००।- | आगलागी | |
| ४ | ज्ञान लामा | नौकुण्ड-१, थाङदोर | ५०,०००।- | आगलागी | |
| ५ | मेन्दो पासाङ थोक्रा | नौकुण्ड-१, थाङदोर | ५०,०००।- | आगलागी | |
| ६ | झवराज न्यौपाने | उत्तरगया गाउँपालिका | १०,०००।- | पहिरो | |
| ७ | शिव प्रसाद देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ८ | दमै सार्की बोङमो घले | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ९ | सन्ते तामाङ | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १० | प्रतिमा रुम्बा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ११ | गम्भभीर मान तामाङ | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १२ | सन्तमान तामाङ | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १३ | सार्की तामाङ | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १४ | दयानिधी देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |

| क्र.सं. | नाम,थर | ठेगाना | प्राप्त राहत रकम | विपद्को प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १५ | सोम प्रसाद देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १६ | निर्मला तामाङ | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १७ | कुल प्रसाद देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १८ | सीता देवी न्यौपाने | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| १९ | शिवराम देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २० | गोबिन्द प्रसाद न्यौपाने | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २१ | हरि प्रसाद न्यौपाने | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २२ | राज कुमार देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २३ | टिकानाथ देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २४ | तोयानाथ देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २५ | धर्मदत्त देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २६ | रमेश देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २७ | पिताम्बर देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २८ | यशोदा तिम्सिना | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| २९ | रामचन्द्र देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३० | गीता बल्लभ देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३१ | इश्वरी ओझा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३२ | सरस्वती न्यौपाने | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३३ | लक्ष्मी नारायण देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३४ | कृष्ण प्रसाद न्यौपाने | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३५ | देवहरि देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३६ | ठाकुर प्रसाद देवकोटा | कालिका गाउँपालिका | १०,०००।- | पहिरो | |
| ३७ | तिलक प्रसाद पौडेल | कालिका गाउँपालिका | ७,०००।- | आगलागी | |
| ३८ | अर्जुन प्रसाद पौडेल | कालिका गाउँपालिका | ७,०००।- | आगलागी | |
| जम्मा | | | ५,७४,०००।- | | |

४. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि निम्नानुसार गर्ने:-

- जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC), जिल्ला स्थित सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी संघ संस्था, स्थानीय तह, राजनीतिक दलहरु, जलविद्युत आयोजनाहरु, नागरिक समाज, संचार माध्यम तथा संचारकर्मीहरु समन्वयात्मक रुपमा परिचालित हुन अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

- जिल्लामा आवश्यकता अनुसार गाउँपालिकाहरुले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप क्वारेन्टिन तथा आइसोलेसनको व्यवस्थापन गर्ने ।
- सबै गाउँपालिकाहरुले लागत व्यहोर्ने गरी जिल्ला सदरमुकाम धुन्चेमा RT-PCR परीक्षणको उपकरण तथा केमिकल खरिदको लागि स्वास्थ्य कार्यालय, रसुवाको समन्वयमा आवश्यक व्यवस्था मिलाउने ।

५. मनसुनजन्य विपद् र कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धी विषयमा स्थानीय संचार माध्यम र स्थानीय तहबाट नियमित सूचना प्रवाहको व्यवस्था मिलाउन स्थानीय संचार माध्यम र स्थानीय तहलाई अनुरोध गर्ने ।

६. मनसुनजन्य विपद् तथा कोभिड-१९ महामारीको संक्रमणलाई एकीकृत ढंगले रोकथाम नियन्त्रण र प्रतिकार्यका कार्यहरु संगसँगै गर्नुपर्ने आवश्यकता रहेकोले जोखिम न्यूनीकरण, प्रतिकार्य सम्बन्धी पूर्व तयारी योजना अनुरुप गरिएका कार्यहरुको प्रगति स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाले जिल्ला विपद् व्यवस्थापन समिति(DDMC), रसुवामा १५/१५ दिनमा प्रतिवेदन गर्ने ।

७. गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ स्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सम्पर्क कार्यालय, धुन्चेको नयाँ तथा पुराना भवनमा संचालन भएको एकान्तावास(Quarantine) भवनमा प्रयोग भएको विद्युत तथा खानेपानी महसुल, नुवाकोटबाट विनियोजन भएको वजेट कमी रहेको भनी लेखी आएको हुँदा उक्त एकान्तावास (Quarantine) भवनको क्वारेन्टिन संचालन भएको अवधिभरीको विद्युत तथा खानेपानी महसुलका लागि गोसाईकुण्ड गाउँपालिकालाई अनुरोध गर्ने ।

८. विपद् पश्चात खोज तथा उद्धारलाई प्रभाकारी बनाउन आवश्यक पर्ने सवारी साधन तथा खोज तथा उद्धार कार्यलाई आवश्यक पर्ने मेशिनरी उपकरण/सामग्रीहरु उपलब्ध गराउन जिल्लामा सञ्चालनमा रहेका जलविद्युत आयोजनाहरुलाई अनुरोध गर्ने ।